**आकाशवाणी समाचार- नेपाली**
**मितिः १० मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले श्री एन. रंगासामीलाई पुद्दुचेरीका मुख्यमंत्री नियुक्त गर्नु भएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदी आज कर्नाटक अनि तेलंगानाको भ्रमणमा रहनु हुनेछ।

- तमिलनाडुमा तमिलग् वेत्री कड़गम- **टीवीके** पार्टी प्रमुख सी.जोसेफ विजयले आज बिहान दस बजे चेन्नईमा मुख्यमंत्री पदको शपथ लिनुहुनेछ।

- रूसका राष्ट्रपति ब्लादिमीर पुतिनले भन्नुभएको छ, यूक्रेनसितको युद्ध अब समाप्ति तर्फ बढिरहेको छ।

- आईपीएल क्रिकेटमा जयपुरको सवाई मानसिंह स्टेडियममा गुजरात टाइटन्सले राजस्थान रॉयल्सलाई 77 रनले पराजित गरेको छ।

**राष्ट्रपति रंगासामी**

राष्ट्रपति द्रौपदी मुर्मुले श्री एन. रंगासामीलाई पुद्दुचेरीका मुख्यमंत्री नियुक्त गर्नु भएको छ। उप-राज्यपाल कैलाश नाथनले श्री रंगासामीलाई केन्द्रशासित प्रदेशमा नयाँ सरकार गठनका लागि आमंत्रित गर्नुभयो। उहाँले 13 मईको दिन मुख्यमंत्री पदको शपथ लिनु हुनेछ। उहाँ पाँचौ पल्ट पुद्दुचेरीको मुख्यमंत्री हुनु हुनेछ। ऑल इंडिया एनआर कांग्रेस-को नेतृत्वमा एन.डी.ए. ले 9 अप्रैलमा भएको चुनावमा बहुमत हासिल गरेको थियो। चुनाव परिणाम चार मईको दिन घोषित गरिएको थियो।

**प्रधानमंत्री भ्रमण**

प्रधानमंत्री नरेन्द्र मोदी आज कर्नाटक अनि तेलंगानाको भ्रमणमा रहनु हुनेछ। उहाँ लगभग दिनको 11 बजे बेंगलुरुमा **आर्ट ऑफ लिविंग** संस्था**को** 45 औ वर्षगांठ समारोहमा भाग लिनुहुनेछ अनि आर्ट ऑफ लिविंग इंटरनेशनल सेंटरमा नव-निर्मित ध्यान मंदिरको उद्घाटन गर्नुहुनेछ। यस अवधि उहाँले उपस्थित मानिसहरुलाई सम्बोधन गर्नुहुनेछ।
त्यसपछि प्रधानमंत्री हैदराबाद जानुहुनेछ अनि विभिन्न विकास परियोजनाहरुको शुभारम्भ अनि शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरु लगभग 9 हजार चार सय करोड़ रुपियाँको हो। श्री मोदीले हैदराबाद-पणजी आर्थिक कॉरिडोरमा गुडेबेल्लूरदेखि महबूबनगर सम्मको राष्ट्रीय राजमार्ग-167 लाई चार लेन बनाउने कार्यको शिलान्यास गर्नुहुनेछ। उहाँले वारंगलमा पीएम मित्र पार्कको उद्घाटन गर्नुहुनेछ। पीएम मित्र योजना अन्तर्गत विकसित यस पार्कलाई काकतिया मेगा टेक्सटाइल पार्क पनि भनिन्छ। प्रधानमंत्रीले स्वास्थ्य सम्बन्धि बुनियादी ढांचा अन्तर्गत महत्वपूर्ण सिंधू अस्पतालको पनि लोकार्पण गर्नुहुनेछ। यो अस्पताल हैदराबादमा अत्याधुनिक मल्टी-सुपर स्पेशिलिटी कैंसर अस्पताल हुनेछ।

**जयशंकर-नेल्सन द्वीप**

विदेश मंत्री डॉक्टर एस. जयशंकरले हिजो ट्रिनिडाड अनि टोबैगोमा, प्रधानमंत्री कमला प्रसाद बिसेसरसित नेल्सन द्वीपको भ्रमण गर्नुभयो। नेल्सन द्वीप त्यो स्थान हो, जहां भारतबाट गिरमिटिया श्रमिक पहिलो पल्ट ट्रिनिदाद अनि टोबैगो पुगेका थिए। श्री जयशंकरले नेल्सन द्वीपमा क्विक इम्पैक्ट प्रोजेक्टको पनि जायजा लिनु भयो।

विदेश मंत्रीले सोशल मीडियो पोस्टमा भनेको छ भारतको सहयोगले निर्मित भइरहेको यो परियोजनाले दुवै देशको साझा विरासतलाई संरक्षित गर्नेछ।

**पीएम - एनडीए सरकार योजना**

प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रीय जनतांत्रिक गठबंधन-एनडीए सरकार द्वारा 11 वर्ष पहिले शुरू गरिएको प्रधानमंत्री जीवन ज्योति बीमा योजना, प्रधानमंत्री सुरक्षा बीमा योजना अनि अटल पेंशन योजना जस्ता प्रमुख सामाजिक सुरक्षा अनि पेंशन योजनाहरुले भएको लाभहरुको उल्लेख गर्नु भएको छ। प्रधानमंत्रीले भन्नुभयो, यी योजनाहरु देशका जनताका लागि गरिमा, आश्वासन अनि वित्तीय सुरक्षा सुनिश्चित गर्ने प्रति सरकारको प्रतिबद्धतालाई दर्शाउद छ। प्रधानमंत्रीले सोशल मीडिया पोस्टमा भन्नुभयो प्रधानमंत्री जीवन ज्योति बीमा योजना अनि प्रधानमंत्री सुरक्षा बीमा योजनाले जमीनी स्तरमा जनताको जीवनलाई सकारात्मक रूपले प्रभावित गरेको छ अनि देशमा सामाजिक सुरक्षा ढांचालाई मजबूत गरेको छ।

अटल पेंशन योजनाका लाभहरुमा श्री मोदीले भन्नुभयो यस योजनाले धेरै वृद्ध मानिसहरुको जीवनलाई अधिक सुरक्षित बनाएको छ। प्रधानमंत्रीले अटल पेंशन योजना अन्तर्गत महिलाहरुको बढ़दो भागीदारी अनि प्राप्त लाभहरुमा पनि प्रसन्नता व्यक्त गर्नुभयो अनि योजनाको सफलतामा नारी शक्तिको योगदानको प्रशंसा गर्नुभयो।

**तमिलनाडु-शपथ ग्रहण**

तमिलनाडुमा तमिलग् वेत्री कड़गम**- टीवीके** पार्टी प्रमुख सी.जोसेफ विजयले आज बिहान दस बजे चेन्नईमा मुख्यमंत्री पदको शपथ लिनुहुनेछ। पार्टीका 9 मंत्रिहरुलाई पनि शपथ दिलाइने संभावना छ। 234 सदस्यहरुको सदनमा 120 विधायकहरुको समर्थन पाएपछि राज्यपाल राजेन्द्र विश्वनाथ आर्लेकरले श्री विजयलाई मुख्यमंत्रीको रूपमा शपथका लागि आमंत्रित गर्नुभएको छ। लोक भवनबाट जारी प्रेस विज्ञप्ति अनुसार, वी.सी.के. अनि आई.यू.एम.एल. पार्टीले समर्थन पत्र सौंपिएको छ। यी दुवै दलको दुइ दुइ विधायक छ। राज्यपालले श्री विजयलाई 13 मई या यसभन्दा अघि विधानसभामा विश्वास मत हासिल गर्न पनि भनेको छ।

**केरलम-कांग्रेस बैठक**

कांग्रेस पार्टीका शीर्ष नेतृत्वले हिजो नयाँ दिल्लीमा केरलममा नयाँ सरकार गठन माथि चर्चा गर्न बैठक गरेको छ। कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गे द्वारा आफ्नो आवासमा बोलाइएको यस बैठकमा पार्टीका वरिष्ठ नेता राहुल गांधी, राज्य प्रभारी महासचिव दीपा दासमुंशी, संगठन महासचिव के.सी. वेणुगोपाल अनि केरलमका वरिष्ठ नेता रमेश चेन्निथला अनि वी.डी. सतीशन उपस्थित थिए। पार्टीले भनेको छ, कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गे अनि राहुल गांधीले केरलमका नयाँ मुख्यमंत्री माथि अंतिम निर्णय लिने छन् अनि नामको घोषणा चाडै गरिनेछ।

**असम-भाजपा बैठक**

असम भाजपा व्यवस्थापिका दलको नेता चयन गर्न आज गुवाहाटीमा बैठक बस्दैछ। नवनिर्वाचित भाजपा विधायकहरू आज बिहान ९ बजे अटल बिहारी वाजपेयी भवनमा भेट्नेछन्। यसैबीच, असममा लगातार तेस्रो कार्यकालको लागि एनडीए सरकारको शपथ ग्रहणको तयारी तीव्र गतिमा भइरहेको छ। हाम्रो संवाददाताबाट थप जानकारी: byte

**पं बंगाल मुख्यमंत्री बैठक**

पश्चिम बंगालका मुख्यमंत्री शुभेन्दु अधिकारीले 11 मईमा नबन्नामा राज्यका वरिष्ठ पुलिस अधिकारिहरुसित कानून व्यवस्थाको समीक्षा बैठक गर्नुहुनेछ ।

सबै जिल्ला पुलिस अधीक्षकहरु, पुलिस आयुक्तहरु, वरिष्ठ रेलवे पुलिस अधिकारिहरु, पुलिस महानिरीक्षक, पुलिस उप महानिरीक्षक, अतिरिक्त पुलिस महानिदेशक अनि विशेष पुलिस इकाइका प्रमुखहरुलाई बैठकमा उपस्थित रहने निर्देश दिइएको छ।

**पं बंगाल विधानसभा-विपक्ष नेता**

तृणमूल कांग्रेसले बालीगंज विधायक शोभनदेब चट्टोपाध्यायलाई पश्चिम बंगाल विधानसभामा विपक्ष नेता नियुक्त गरेको छ। पार्टीले घोषणा गरे अनुसार धनेखाली विधायक असीमा पात्रा अनि चौरंगी विधायक नयना बंद्योपाध्याय विपक्षका उपनेता हुनेछन। कोलकाता पोर्ट विधायक फिरहाद हकीमलाई विधानसभाको मुख्य सचेतक नियुक्त गरिएको छ। पार्टीले भनेको छ नवनियुक्त नेताले बंगालका जनताको हितमा प्रतिबद्धताको साथ काम गर्नेछ।

**रूस-यूक्रेन संघर्ष**

रूसका राष्ट्रपति ब्लादिमीर पुतिनले भन्नुभएको  छ, यूक्रेनसितको युद्ध अब समाप्ति तर्फ बढिरहेको छ। उहाँले पश्चिम एशिया संघर्षको पनि चाडै समाधानको आशा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, यदि तनाव अझ बढे सबै पक्षलाई भारी नोकसान हुने छ। वर्ष 2022 मा यूक्रेन माथि हमलापछि पश्चिम देशसित पहिले नै ख़राब रूसको संबंधहरुमा अझ चिसोपन आएको थियो । यूरोपीय नेताहरुसित वार्ता बारे सोधिएको प्रश्नमा श्री पुतिनले भन्नुभयो यस्ता कुनै बातचीतका लागि उनका प्रिय  नेता जर्मनीका पूर्व चासंलर गेरहार्ड श्रोडर हो। श्री पुतिनले यो पनि भन्नुभयो, स्थायी शांति समझौतालाई अंतिम रूप दिए पछि उहाँले यूक्रेनका राष्ट्रपति वोलोदिमीर जेलेंस्कीसित भेट गर्नु हुनेछ।
यसै बीच, दुइ देश रूसको वार्षिक विजय दिवस परेड अवधि तीन दिनको संघर्ष विराममा सहमत भएको छ।

**केंद्र-अनुबंधात्मक कर्मचारी**

केंद्र सरकारले श्रम संहिताका लागि खरीद-संबंधी अनुपालन दिशानिर्देशहरुको नियमावली लागू गर्दै केंद्रीय मंत्रालयहरु, विभागहरु, स्वायत्त निकायहरु अनि केंद्रीय सार्वजनिक क्षेत्रको उद्यमहरुमा कार्यरत बाहरी स्रोत अनि संविदा कर्मचारिहरुलाई मजबूत गर्ने दिशामा महत्वपूर्ण कदम उठाएको छ।

**आईपीएल**

आईपीएल क्रिकेटमा जयपुरको सवाई मानसिंह स्टेडियममा गुजरात टाइटन्सले राजस्थान रॉयल्सलाई 77 रनले पराजित गरेको छ। 230 रनको लक्ष्यलाई खेदो गर्दै राजस्थान रॉयल्सले केवल 152 रन बनाउन सक्यो। राजस्थान रॉयल्सको तर्फबाट रविन्द्र जडेजाले सर्वाधिक 38 रन बनाए। गुजरात टाइटन्सका लागि राशिद खानले सर्वाधिक 4 विकेट लिए। राशिद खानलाई प्लयेर ऑफ द मैच चुनियो।